नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८०/८१
चलानी नं. —

मिति: २०८०/०४/३२

**समाजसेवी तथा बाल मनोविज्ञ सूचीकृत हुन आउने सम्बन्धी २१ दिने सार्वजनिक सूचना।**

**(प्रथम पटक प्रकाशित मिति २०८०/०४/३२ गते)**

यस नरहरिनाथ गाउँपालिकाको **बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धि कार्यविधी २०७८ को दफा(२७)** बमोजिम देहायका योग्यता भएको समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लेखित कागजात वा व्यक्तिगत विवरण सहित स्थानीय बाल अधिकार समितिमा सूचीकृत हुन यो सूचना प्रकाशन भएको मितिले २१(एक्काईस) दिन भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक योग्यता:**

१. नेपाली नागरिक,
२. नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतवाट कसूरदा नठहरिएको,
३. असल चरित्र भएको,
४. समाजसेवीको रुपमा सूचीकृत हुनको लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धीत विषयमा स्नातक गरेको वा कम्तिमा प्रमाणपत्र तह/+२ कक्षा उत्तीर्ण गरी सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिने तालिम प्राप्त गरेको,
५. बाल मनोविज्ञको रुपमा सूचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञ वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रमाणपत्र तह /+२ कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट मनोविज्ञान सम्वधमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको ।

**आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाण पत्र छायाँप्रति -१
२. शैक्षिक योग्यता वा न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम लिएको प्रमाण पत्र को छायाँप्रति-१
३. सम्बन्धित व्यक्तिको निवेदन -१
४. पासपोर्ट साईजको फोटो -१

२०८०/०४/३२

निरक कुमार शाह
नि.प्रमुख प्रशासकीय अधिकृत